मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मकरञ्चुली, मकवानपुर
Makranchuli, Makawanpur
(कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)

email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (Chairperson)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Ref. No.)२०८३/०८४
च.नं.(Dispatch no.) ५३५

## सम्भावित वर्षावाट कृषि वालीमा हुन सक्ने क्षति न्यूनिकरण गर्न सतर्कता अपनाउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०७/११)

जल तथा मौसम विज्ञान विभाग,मौसम पूर्वानुमान महाशाखाबाट प्रास पछिल्लो मौसम पूर्वानुमान अनुसार २०८३ साल कार्तिक १२ गतेदेखि १५ गतेसम्म बागमती प्रदेशका विभिन्न स्थानहरुमा हल्कादेखि भारी वर्षा हुन सक्ने सम्भावना रहेको छ ।

सम्भावित वर्षाका कारण पाकेको धान तथा अन्य कृषि वालीमा क्षति पुग्न सक्ने भएकाले मकवानपुरगढी गाउँपालिका भित्रका सम्पूर्ण कृषक महानुभावहरुलाई कटान गरि सकिएका वालीलाई वर्षाको पानीबाट जोगाउन ओभानो र सुक्षित ठाउँमा राखे, बाली भिज्न नदिने तथा मौसम अनुकूल भएपछि मात्र सुकाउने र भित्र्याउने व्यवस्था मिलाउन समेत अनुरोध छ । साथै,वाली कटान नभएको भए उक्त अवधि सम्म वाली कटान नगर्न अनुरोध छ ।

सम्भावित प्रतिकूल मौसमबाट कृषि उपजमा हुन सक्ने क्षति कम गर्न सम्बन्धित निकायबाट जारी हुने मौसम पूर्वानुमान तथा आधिकारिक सूचनाहरु नियमित रुपमा अवलोकन गरी आवश्यक सावधानी र पूर्व तयारी अपनाउनु हुन मकवानपुरगढी गाउँपालिकाका सम्पूर्ण कृषक महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

२०८३/०७/११

सुरेन्द्र गौतम
प्रमुख प्रशासकिय अधिकृत

सुरेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत